# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

साविकको नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौं, फोन नं.०१-४११११८२८, Website : www.skbbl.com.np


## १९ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७७/०९/१३ गते)**

यस वित्तीय संस्थाको मिति २०७७ पौष ६ गते बसेको सञ्चालक समितिको ३९८ औं बैठकको निर्णयानुसार संस्थाको १९ औं वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा भर्चुअल माध्यमबाट उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :** (भर्चुअल माध्यमबाट साधारण सभा सञ्चालन गरिने) ।

(१) मिति : २०७७ पौष २८ गते (January 12, 2021) मंगलबार

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : संस्थाको रजिष्टर्ड कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं ।

(Zoom Meeting id र Password कम्पनीबाट उपलब्ध गराईनेछ ।)

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/७७ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (लेखा परीक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखापरीक्षकको पुनः नियुक्तिका लागि पारिश्रमिक भ्याट समेत रु ३,५०,०००।- (अक्षेरेपी तिन लाख पचास हजार) मात्र (कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणित र कर लेखापरीक्षण समेत) उपलब्ध गराउने गरी साविकका लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्समा नियुक्त गर्न नाम सिफारिस भई आएको छ ।)

(४) आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु. १,००,०२,२९,४२५.६६ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३.५० (अक्षेरेपी एक करोड एकतीस लाख साठी हजार नौ सय तेह्र रुपैयाँ पचास पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा नियुक्ति सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरूलाई चुक्ता पुँजी १,००,०२,२९,४२५.६६ को २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६.४२ (अक्षेरेपी पच्चीस करोड सन्ताउन्न हजार तीन सय सय छपन्न रुपैयाँ बयालीस पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) यस वित्तीय संस्थाको १३ औं वार्षिक साधारण सभाबाट स्वीकृत भई हकप्रद शेयर निष्काशन गर्दा बिक्री नभई बाँकी रहेको १२,४४२ कित्ता शेयरलाई लिलाम गरी बिक्री गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/३/३१ मा निर्देशन भएको हुँदा ३३६८ कित्ता प्रवर्धक शेयर र ९,०७४ कित्ता सर्वसाधारण शेयर गरी रु.१००/- दरका जम्मा १२,४४२ कित्ता शेयर लिलाम बिक्री गरी वित्तीय संस्थाको प्रबन्धपत्रमा सोही अनुसार संशोधन गर्ने ।

(३) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमशः रु. १,००,०२,२९,४२५.६६ र रु. १,००,०२,२९,४२५.६६ मा माथि विशेष प्रस्ताव नं (१) र (२) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमशः रु. १,२५,१५,३०,९८२.०८ र रु. १,२५,१५,३०,९८२.०८ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।

(४) यस वित्तीय संस्थाको नियमावलीको नियम २ र नियम २९ को उपनियम (१) खण्ड (घ) को उपखण्ड (आ) लाई संलग्न तीन महले विवरण अनुसार संशोधन गर्ने ।

(५) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव,**
**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

**नोट :** वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी एवम् कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०७७ पौष ७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा यस वित्तीय संस्थाको website : www.skbbl.com.np मा हेर्न सकिनेछ ।